आ व २०८१।८२ को दोश्रो बैठक (२०८१।०५।१८)

**प्रस्तावहरुः**

१. बार्षिक बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा खरिद योजना पारित सम्बन्धमा ।
२. वनगाड कुपिण्डे नगरपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन संचालन कार्यविधि पारित सम्वन्धमा ।
३. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
४. करार सेवाका कर्मचारीको करार सम्झौता नविकरण सम्बन्धमा।
५. सडक तर्फका योजना कार्यान्वयन ।
६. बजार अनुगमन सम्बन्धमा ।
७. शिक्षा सुधार सम्बन्धमा ।
८. डिल्ली कुमारी बुढाको उजुरी सम्बन्धमा ।
९. व्हाक्होलोडर भाडामा सम्बन्धमा ।

**निर्णयहरुः**

१. आर्थिक बर्ष २०८१।८२ को बार्षिक बजेट, योजना तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्ययोजना तथा खरिद योजना स्विकृत गर्ने निर्णय गरियो ।

२. वनगाड कुपिण्डे नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समितिको गठन संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८१।०४।३२ गतेको बैठकले गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

४. यस नगरपालिका र मातहतका विभिन्न कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन गरी आगामि कार्यपालिका बैठकमा पेश गर्ने र सोको आधारमा करार सेवा सम्झौता नविकरण सम्बन्धमा निर्णय गर्ने निर्णय गरियो।

५. चालु आर्थिक बर्षमा संचालन हुने सडकतर्फका १० लाख सम्म रकम विनियोजन भएका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने र सो भन्दा माथि रकम विनियोजन भएका योजनाहरु सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका अन्य प्रावधान अनुसार संचालन गर्ने निर्णय गरियो ।

६. आउदै गरेका चाडपर्वहरुलाई लक्षित गरी यस नगरपालिका भित्र रहेका बजार क्षेत्रमा बजार अनुगमन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिका भित्रको सार्वजनिक शिक्षाको सुधारका लागि विभिन्न मितिमा भएका निर्णयहरु छिटो, छरितो तथा प्रभावकारी रुपमा कार्यान्वयन गरी सार्वजनिक शिक्षा सुधारका लागि कार्यापालिकाका सबै सदस्यहरु सक्रियतापूर्वक लाग्ने र लगाउने प्रतिबद्धता गरियो ।

८. यस नगरपालिकाको न्यायिक समितिको मिति २०८१।०४।०५ गतेको बैठकले जिल्ला सल्यान वनगाड कुपिण्डे नगरपालिका वडा नं १ बस्ने डिल्ली कुमारी बुढाले यस नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख वासुदेव पोखललाई विपक्षी बनाई पेश गरेको उजुरी उपर छलफल गरी आवश्यक छलफलका लागि वनगाड कुपिण्डे नगरपालिका नगरकार्यपालिकामा पेश गर्ने निर्णयका सम्बन्धमा छलफल गर्दा वनगाड कुपिण्डे नगरपालिका वडा नं ७ बस्ने हेमन्त बुढाले मिति २०७८।०२।०७ गते पेश गरेको कारबाही गरिपाउँ भन्ने व्यहोराको निवेदनका आधारमा यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७८।०२।२७ गतेको बैठकले आवश्यक छानविन गरी १० दिन भित्र नगर प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने गरी तत्कालिन वडा नं ४ का अध्यक्ष मोमत रोकाको अध्यक्षतामा ७ सदस्यीय छानबिन समिति गठन गरेको, सो घटनाका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सल्यानको मिति २०७८।०४।२१ गते को आवश्यक कारबाहीको लागि सक्कलै निवेदन पठाइएको व्यहोराको पत्र समेत प्राप्त भएको, तर उक्त छानबिन समितले कुनै पनि प्रतिवेदन पेश नगरेको र निज स्वास्थ्य शाखा प्रमुख बासुदेव पोखललाई कारबाही गर्न अन्य यथेष्ट प्रमाण समेत प्राप्त नभएकोले उक्त उजुरी उपर कुनै पनि कारबाही गर्न नसकिने निर्णय गरियो ।

९. यस नगरपालिकाको स्वामित्वमा रहेको १ थान व्याक्होलोडर भाडामा माग भएको खण्डमा नगरपालिकाको आर्थिक ऐनमा रहेको व्यवस्था अनुसारको भाडा लिई भाडामा उपलब्ध गराउने तर नगरपालिकासंग सम्झौता गरी योजना कार्यान्वयन गरिरहेका उपभोक्ता समितिहरुलाई भने उक्त व्याक्होलोडर भाडामा उपलब्ध नगराउने निर्णय गरियो।